बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

सिन्धुली

## धानको फड्के किरा (Hoppers):

**पहिचानः** धानको फड्के किराब कुनै हरियो, सेता र खैरा किसिमका फुत्तफुत्त उफ्रने किसिमका मसिना हुन्छन् ।

**क्षतिको लक्षणः** धानका बिरुवाहरु सुकेर मर्दछन्, बिरुवाहरु गाँजिन र बढ्न सक्दैनन् र धानको बोटमा बाला नलागी पराल जस्तो भइ बोट सुकेर जान्छ ।

**व्यवस्थापनका विधिहरु :**

- ✓ गाँजको घनत्व कम गर्ने (धान रोप्ने समयमा प्रति गाँज २-३ वटा भन्दा बढी वेर्ना नरोप्ने)
- ✓ नाइट्रोजनयुक्त मलखादको सिफारिस मात्रा भन्दा बढी प्रयोग नगर्ने ।
- ✓ समय समयमा गोडमेल तथा सरसफाई गरी कीराको बैकल्पिक आश्रयस्थल नष्ट गर्ने ।
- ✓ ३-४ दिनको फरकमा खेतमा पानीको सतह बढाउने घटाउने र सुकाउने गर्नुपर्दछ ।
- ✓ दैहिक विषादी एसिफेट ७५% एस पी (जस्तै एसिफेट, आस्ताफ, लेन्सर) २ ग्राम वा बुप्रोफेजिन २५% एस जी (वुप्रोलोड, डेभिफेजिन) १.५ ग्राम वा फिप्रोनिल ५% एस जी (जस्तै रिजेन्ट, स्टाल्कर, डेभिजेन्टप्लस) २-३ ग्राम वा इमिडाक्लोप्रिड १७.८% एस एल (जस्तै अनुमिदा, एटम, केमिडा) १ मिलि प्रति ४ लिटर पानीमा वा एजाडिराक्टिन ०.०३% इ सी (जस्तै निम्बिसिडीन, मल्टिनिम) २ मिलि ७ दिनको फरकम छर्ने ।



चित्रहरुः १. खैरो वयस्क फड्के किरा २. धानको गाँजमा फड्के किरा ३. फड्के किराको क्षति

संकलक तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली